आकाशवाणी

27-11-25

मुख्य समाचार

- उपराष्ट्रपतिले आर्थिक विकास, रोजगार सृर्जना, उद्यमिता विकास, मानिसहरूको सशक्तिकरण र पर्यावरणीय स्थिरतामा एम.एस.एम.ई को महत्वपूर्ण भूमिका बारे दिनुभयो जानकारी
- प्रधानमन्त्रीले भारतको अन्तरिक्ष क्षेत्र वैश्विक निवेशकहरूका लागि एउटा आकर्षक गन्तव्य बन्दै गरेको बताउनुभयो
- . रक्षा मन्त्री राजनाथ सिंह र इन्डोनेशियाका रक्षामन्त्रीले तेस्रो भारत-इन्डोनेशिया रक्षा मन्त्रीहरूका वार्ताको गर्नुभयो सह-अध्यक्षता, अनि
- बिहारका जनत ाले प्रचण्ड बहुमतका साथ एन.डी.ए सरकार बनाएको गृहमन्त्रीको भनाई

-----------

## उपराष्ट्रपति-एमएसएमई मन्त्री

**सूक्ष्म, लघु र मध्यम उद्यम मन्त्री** जीतन राम मान्झी तथा राज्य मन्त्री शोभा **करन्दलाजे-ले** आज नयाँ दिल्लीमा उपराष्ट्रपति सी. पी. राधाकृष्णनसँग भेट गर्नुभयो। उपराष्ट्रपतिले सोशल मीडिया पोस्टमा भन्नुभयो, आर्थिक विकास, रोजगार सृर्जना, उद्यमिता विकास, मानिसहरूको सशक्तिकरण र **पर्यावरणीय** स्थिरतामा एम.एस.एम.ई

को महत्वपूर्ण भूमिका बारे जानकारी दिनुभयो। मन्त्रालयले खादी, ग्राम उद्योग र जूट उद्योगहरू सहित एम.एस.एम.ई क्षेत्रको विकासमा सहायक पहलहरूको पनि रूपरेखा प्रस्तुत गर्यो। यसमा ऋण सहायता, तकनीकी सहायता, बुनियादी ढाँचा विकास, कौशल विकास र प्रशिक्षण, बढ्ुदो  प्रतिस्पर्धा और बजार सहायतामाथि ध्यान केन्द्रित गरेको छ।

## 20 प्रधानमंत्री - स्काईरूट कैंपस

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो,भारतका अन्तरिक्ष क्षेत्र वैश्विक निवेशकहरूका लागि एउटा आकर्षक गन्तव्य बन्दै जाँदैछ। श्री मोदीले स्काई रूटको **इन्फिनिटी क्याम्पसको** भिडीयो कन्फरेन्सको माध्यमबाट उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले भन्नुभयो, सरकारले देशको अंतरिक्ष क्षेत्रमा धेरै ऐतिहासिक सुधार गरेको छ। प्रधानमन्त्रीले भन्नुभयो, सरकारले अन्तरिक्ष क्षेत्रलाई निजी नवाचारका लागि खोलेको छ, जसले स्टार्टअप र उद्योग, देशका वैज्ञानिक पारिस्थितिकी तन्त्रका साथ मिलेर काम गर्न सक्नेछन्। श्री मोदीले भन्नुभयो, आगामी वर्षहरूमा वैश्विक अन्तरिक्ष अर्थव्यवस्था केही गुना बढ्नेछ र देशका युवाहरूका लागि अपार नयाँ अवसर खोलिनेछ।

प्रधानमन्त्री मोदीले बताउनुभयो, पछिल्लो छ देखि सात वर्षमा भारतले आफ्नो अन्तरिक्ष क्षेत्रलाई एउटा खुल्ला, सहयोगी र नवाचार-सन्चालित पारिस्थितिकी तन्त्रमा  परिवर्तन गरेको छ। आज तीन सय भन्दा धेरै अन्तरिक्ष स्टार्टअपले भारतको

अन्तरिक्ष भविष्यलाई नयाँ आशा दिइरहेको छ। श्री मोदीले भन्नुभयो, स्काई रूटको इन्फिनिटी क्याम्पस भारतको नयाँ सोच, नवाचार र युवा शक्तिको प्रतिबिम्ब हो। उहाँले भन्नुभयो, देशले आफ्नो नवाचार, जोखिम उठाउने क्षमता, युवा शक्ति र उद्यमिताका साथ नयाँ उचाइहरूलाई छुइरहेको छ।

प्रधानमन्त्री मोदीले भन्नुभयो, इसरोले दशकौँ देखि भारतको अन्तरिक्ष यात्रालाई नयाँ उचाँइसम्म पुर्याएको छ। उहाँले भन्नुभयो, आफ्नो विश्वसनीयता, क्षमता र मूल्यका माध्यमले भारतले वैश्विक अन्तरिक्ष परिदृश्यमा एउटा विशिष्ट पहिचान बाएको छ।

.......

## 41-राजनाथ भारत-इंडोनेशिया वार्ता

रक्षा मन्त्री राजनाथ सिंह र इन्डोनेशियाका रक्षामन्त्री सजाफ्री सजाम सोएद्दीनले आज नयाँ दिल्लीमा तेस्रो भारत-इन्डोनेशिया रक्षा मन्त्रीहरूका वार्ताको सह-अध्यक्षता गर्नुभयो। दुवै नेताहरूले दुवै देश बीच दीर्घकालिक रणनीतिक साझेदारी र गहन द्विपक्षीय रक्षा सहयोग पुष्टि गर्नुभयो। बैठकमा दुवै देशले अन्तर्राष्ट्रीय कानून र सम्प्रभुताको सम्मान आधारमाथि एउटा स्वतंत्र, मुक्त, शान्तिपूर्ण, स्थिर र समृद्ध हिन्द-प्रशान्त क्षेत्र बनाइ राख्ने महत्वमा जोड़ दिनुभयो।

भारत र इन्डोनेशियाले हिन्द महासागर रिम एसोसिएशन जस्ता बहुपक्षीय ढाँचाहरूको माध्यमले सहयोग बढ़ाउने सहमति व्यक्त गर्यो।

दुवै नेताहरूले समुद्री क्षेत्र जागरूकता, साइबर सुगमता र संयुक्त परिचालन तत्परतामा व्यावहारिक सहयोग बढाउनका लागि प्रतिबद्धता व्यक्त जाहेर गर्नुभयो।

## 42- अमित शाह - बिहार

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा बिहारका उप-मुख्यमन्त्री सम्राट चौधरीसँग भेट गर्नुभयो। सोशल मीडिया पोस्टमा श्री शाहले भन्नुभयो, बिहारका जनताले प्रचण्ड बहुमतका साथ एनडीए सरकार बनाएका छन्। उहाँले भन्नुभयो, एन.डी.ए सरकारले विकसित बिहारका लागि सुशासन सुनिश्चित गर्ने सम्बन्धमा अझ धेरै जोशपूर्वक काम गर्नेछ।

.......

## 44-सीबीडीटी अभियान

केन्द्रिय प्रत्यक्ष कर बोर्डले करदाताहरूलाई दण्डनात्मक परिणामहरूबाट बाच्नका लागि एकतीस दिसम्बरसम्म स्वेच्छाले आफ्नो रिटर्नको समीक्षा र संशोधन गर्ने परामर्श दिनका लागि एउटा विशेष अभियान शुरू गरेको छ। मार्गदर्शन गर्नका लागि डेटाको गैर-दखलअन्दाजी उपयोग नामक यस अभियानको उद्देश्य आयकर रिटर्नमा अनुसूची विदेशी सम्पत्ति र विदेशी स्रोत आयमा सही रिपोटिङ्गलाई सुगम बनाउनु हो। यस अभियानअन्तर्गत, बोर्डले भोलिदेखि करदाताहरूका पहिचानका लागि एस एम एस र ईमेल पठाउनेछ। बोर्डले सबै पात्र करदाताहरूसंग यस अवसरको उपयोग वैधानिक रिपोटिङ्ग आवश्यकताहरूको पूर्ण अनुपालन सुनिश्चित गर्नका लागि गर्ने आग्रह गऱ्यो ।

## 43-सर्वोच्च न्यायालय- दिव्यांग

सर्वोच्च न्यायालयले केन्द्रले दिव्याङ्गहरूका विरूद्ध अपमानजनक टिप्पणी संग निपट्नका लागि  कड़ा कानून बनाउने विचार गर्न भनेकोछ। सर्वोच्च न्यायालयले आज केन्द्रबाट दिव्याङ्ग  र दुर्लभ आनुवङ्शिक विकारले ग्रस्त व्यक्तिहरूको उपहास गर्ने अपमानजनक टिप्पणीहरूलाई अनुसूचित जाति-अनुसूचित जन जाति अधिनियमको तहमा दण्डनीय अपराध बनाउनका लागि एउटा कानून बनाउन  भनेको छ । मुख्य न्यायाधीश न्यायामूर्ति सूर्यकान्त र न्यायमूर्ति जयमाल्या बागचीको पीठले भनेकोछ, अनलाइन प्लेटफर्ममा अभद्र, आपत्तिजनक र अवैध सामग्रीलाई नियन्त्रण गर्नका लागि एउटा तटस्थ, स्वतंत्र र स्वायत्त निकायको आवश्यकता छ । सूचना र प्रसारण मन्त्रालयले यस बारे, पीठलाई सरकारमा केही दिशानिर्देश बनाउने विचार हुँदैगरेको सूचित गर्यो ।

केन्द्रका तर्फबाट सोलिसिटर जनरल तुषार मेहताले भन्नुभयो, हास्य कसैको गरिमाको मूल्यमा हुनसक्दैन । न्यायालयले एस.एम.ए क्योर फाउन्डेशनको याचिकामा सुनवाई गरिरहेको थियो भने, यस संस्थाले  दुर्लभ स्पाइनल मस्कुलर ए-ट्रोफी रोगले पीड़ित व्यक्तिहरूका लागि काम गर्छ । याचिकामा इन्डियाज़ गट लेटेन्टका होस्ट समय रैना र सोशल मीडियामा प्रभावशाली मानिसहरू, विपुन गोयल, बलराज परमजीत सिंह घई, सोनाली ठक्कर र निशान्त जगदीश तन्वरको चुटकेलाहरूको निन्दा गरेका थिए।

अदालतले उनलाई भविष्यमा आफ्नो आचरण प्रति सावधान रहन निर्देशन दिएको छ।

### 46-पीआईबी तथ्य जांच - राष्ट्रपति वीडियो

पत्र सूचना कार्यालय-पी.आई.बीले आज बताएकोछ, पाकिस्तानी सोशल मीडियाका केही अकाउन्टहरूमा राष्ट्रपति द्रौपदी मुर्मुको डिजिटल रूपले परिवर्तित भिडियो झूठो दावाका साथ प्रसारित गरिदैछ। पी.आई.बीको तथ्य-जाँच इकाईले बताएको छ , यो वीडियो कृत्रिम बुद्धिमत्ता –ए.आई द्वारा निर्मित हो र यसलाई मानिसलाई भ्रमित गर्नका लागि प्रसारित गरिदैछ। पी.आई.बी-ले स्पष्ट गरेकोछ , राष्ट्रपतिले यस्तो कुनै बयान दिनुभएको छैन र वास्तविक भिडियोको लिङ्क पनि साझा गरेकोछ । सरकारले नागरिकहरूलाई आग्रह गरेकोछ, उनीहरूले कुनै पनि सन्दिग्ध दावाको सधै पुष्टि गर्नु र यस्ता सामग्रीलाई तुरन्त नौ एक आठ सात नौ नौ सात एक एक दुई पाँच नौ-मा रिपोर्ट गर्नुहोस् अथवा factcheck@pib.gov.in –मा ईमेल गर्नुहोस् ।